**नेपाली** / ***NEPALI***

**लागि:** विद्यार्थी, संकाय र कर्मचारीहरू
**बाट:** Robert Cramer, अर्थ तथा प्रशासनका उपकुलपति
**विषय:** जुलाई २० तारिखको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेट

आदरणीय क्याम्पस समुदाय,

हाम्रो परिचालनहरूमा आएका निरन्तर चुनौतीहरू, जसमा अघिल्लो हप्ताको क्याम्पस र विस्कन्सिनको धेरै भूभागमा असर पार्ने डढेलोको धुवाँले खराब गर्ने कुरा पनि समेटियो, प्रति तपाईंको आत्मबलका लागि धन्यवाद। अन्तिम घडीमा हाम्रो क्याम्पस समुदायको स्वास्थ्य र सुरक्षा समर्थन गर्न बदलहरू गर्नुहुने क्याम्पसमा हुने सबैजना प्रति म आभारी छु।

यस हप्ताको क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका बारेमा अपडेटमा केही खुशीको खबर थाहा दिन पाउँदा म खुशी छु। यदि तपाईंले अघिल्लो बिहीवारको *Board of Regents* को बैठकमा सुन्नुभयो भने, तपाईंले यो पनि सुन्नुभयो होला कि अहिलेको जानकारी अनुसार, फुटेको चिसो पानी लग्ने पाइपलाई शरद सेमेस्टरमा विद्यार्थीहरू आउनु भन्दा अघि नै मर्मत गरिने अपेक्षा गरिएको छ।

यो एउटा जटिल मर्मत परियोजना हो र छोटो समयको प्राथमिकताका साथसाथै दीर्घकालीन क्याम्पस आवश्यकताहरूका लागि समाधान सुनिश्चित गर्न सहयोग गर्नुहुने कैयौँ विज्ञहरू प्रति म कृतज्ञ छु। मर्मत समयरेखाहरूका बारेमा हामीले प्रगति गर्ने क्रममा हामी थप जानकारी साझा गर्न जारी राख्नेछौं। ध्यानमा राख्नुपर्ने केही कुराहरू:

- कृपया ध्यान दिनुहोला कि अस्थायी रूपमा बन्द गरिएका भवनहरूलाई मर्मत सम्भार पूरा नभएसम्म बन्द रहने छन्।
- यदि यस बेलामा तपाईंको काम वा काम गर्ने ठाउँ बदलिएको छ भने, आफ्नो कामको भवनमा फर्कनु अघि थप निर्देशनहरू पर्खनुहोला।
- यदि तपाईंले बन्द गरिएका भवन वा क्षेत्रमा मर्मत गर्नुपर्ने वा कस्टोडियलको आवश्यकता पत्ता लगाउनुभयो भने, कृपया आफ्नो भवनका म्यानेजरसँग मिलेर काम गर्नुहोला। आपत्कालीन अवस्थामा कृपया *FP&M Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला।

यस चुनौतीलाई सँगै सामना गर्ने क्रममा तपाईंको समझदारी र लचिलोपनको लागि धन्यवाद। अपडेटहरू हामी क्याम्पस भवनहरूलाई शीतल बनाउने समस्याहरूका वेबसाईट मार्फत प्रदान गर्न हामी जारी राख्नेछौं।

यदि तपाईंसँग सम्बोधन नभएका प्रश्नहरू छन् वा विशेष अवस्थाका लागि सहायताको आवश्यकता छ भने, कृपया ChilledWaterConcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

Robert Cramer
अर्थ तथा प्रशासनका उपकुलपति